
# हार्दिक श्रद्धाञ्जली



**श्रद्धेय पाष्टर रोबर्ट कार्थक गुरुबा**

विश्वभरका नेपाली भाषी इसाईहरूको एक अभिभावकका रूपमा रहनुभएका नेपाली इसाई जगतका अग्रणी तथा नेइम ज्ञानेश्वर चर्चका स्थापक श्रद्धेय पाष्टर रोबर्ट कार्थक गुरुबा २०७८ जेठ ४ गते तदानुसार मे १८, २०२१ मंगलबार प्रभुमा विश्राम लिनुभयो । आफ्नो इसाई जीवन तथा सेवकाइमा उत्तम लडन्त लड्दै एउटा उदाहरणीय जीवन जिएर दौड सिध्याउनुभएका स्वर्गीय पाष्टर कार्थकको जन्म सन् १९२६ जनवरी १० तारिखका दिन आमा स्व. प्रेमकित लेप्चा र बुवा स्व. रिबु कार्थकको दश सन्तानमध्येका एक सन्तानको रूपमा भारतको कालिम्पोङ्गमा भएको थियो । ख्रीष्टियन परिवारमा जन्म भएतापनि पाष्टर कार्थकले २१ वर्षको युवा अवस्थामा येशूलाई आफ्नो व्यक्तिगत मुक्तिदाताको रूपमा ग्रहण गर्नुभएको थियो । इसाई जीवनको शुरूवाती जीवनमा उहाँले कालिम्पोङ्गमा प्रेस बिटेरियन चर्चमा सेवा गर्नुहुन्थ्यो । यूहन्ना १०:१६ मा लेखिएको मेरा अरू भेडा छन् जो यस गोठका होइनन् तिनीहरूलाई पनि मैले ल्याउनुपरेको छ। वचनको खण्डद्वारा प्रभु उहाँको हृदयमा बोल्नुभएपछि सन् १९५६ मा अरू दश जना रहेको टोलीको साथमा उहाँ नेपालमा आउनुभयो र त्यसको एक वर्षपछि सन् १९५७ मा नेइम ज्ञानेश्वर मण्डलीको शुरूवात काठमाडौंको डिल्लीबजारबाट भयो र त्यसको स्थापनादेखि हालसम्म पाष्टरको रूपमा उदाहरणीय तथा आशिषित सेवकाइ गर्नुभयो । उहाँले पुऱ्याउनुभएको सेवा अमूल्य योगदान नेपाली इसाई जगतको निम्ति सदैव स्मरण रहिरहनेछ । उहाँका दुई छोराहरू, बुहारीहरू तथा तीन जना नातिनीहरू हुनुहुन्छ । सम्पूर्ण मण्डली परिवारको तर्फबाट उहाँप्रति हामी भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्छौं ।

नेपाली इसाई मण्डली परिवार ।



**आदरणीय पाष्टर सामुएल डन कार्थक गुरुबा**

नेपाली इसाई मण्डली ज्ञानेश्वर चर्चका आदरणीय पाष्टर सामुएल डन कार्थकज्यू २०७८ जेष्ठ ७ गते तदानुसार मे २१, २०२१ शुक्रबार प्रभुमा विश्राम लिनुभयो । सन् १९६३ फेब्रूअरी १३ मा आमा स्व. मेरी कार्थक र बुवा स्व. रोबर्ट कार्थकको जेठो सन्तानको रूपमा जन्मनुभएका स्व. सामुएल डन कार्थक नेपाली इसाई मण्डलीका ज्ञानेश्वर चर्चका पाष्टर, नेइम थियोलोजिकल स्टडी सेन्टरका अध्यक्ष, एनसीएस नेपालका सह-अध्यक्ष, जीएलएस नेपालका राष्ट्रिय संयोजक, अगापे ख्रीष्टियन संगति नेपालका अध्यक्ष, नेइम स्तुति प्रशंसा विभागका प्रमुख, मेरी गुरुआमा प्रतिष्ठानका संस्थापक सदस्य लगायत नेपाली इसाई जगतका थुप्रै सेवकाइहरूमा सक्रिय सेवारत हुनुहुन्थ्यो । उहाँले नेपाली इसाई जगतमा आराधनाको क्षेत्रमा नयाँ जागृति ल्याउनुभई उल्लेखनीय योगदान दिनुभएको थियो । सरल र मृदुभाषी स्वर्गीय कार्थक सबै कुरा ठीक प्रकारले गर्नुपर्छ भनी निष्ठाको सेवामा विश्वास गर्नुहुन्थ्यो । उहाँ निकै लामो समयसम्म नेइमको युवा संगतिको अगुवाको रूपमा सेवा गर्नुहुँदा थुप्रै जवानहरूको जीवनमा सकारात्मक छाप र प्रभाव पार्नुभएको थियो र उहाँलाई प्रेम र आदरका साथ सामु दादा भनी सम्बोधन गरिन्थ्यो । उहाँकी धर्मपत्नी श्रीमती शुईंग कार्थक र छोरी आशा कार्थक हुनुहुन्छ । उहाँको स्वर्गारोहणद्वारा नेपाली इसाई मण्डली परिवार, शोकित र स्तब्ध बनेका छौं । नेपाली इसाई जगत तथा नेपाली इसाई मण्डली नेइममा उहाँले पुऱ्याउनुभएको योगदान अतुलनीय, अमूल्य र अविस्मरणीय रहिरहनेछ । यस घडीमा शोकित परिवार, मण्डली परिवार, इसाई जगतलाई परमेश्वरले शान्ति र सान्त्वना दिऊन् भनी प्रार्थना चढाउँदै उहाँप्रति भावपूर्ण हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

नेपाली इसाई मण्डली परिवार ।

# जानकारी




मैतिदेवी बस्नुहुने नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री राजु थापा ५८ वर्षको उमेरमा २०७८ वैशाख १७ गते/अप्रिल ३० तारिख २०२१, शुक्रबार प्रभुमा सुत्नुभयो ।



गोंगबूँ बस्नुहुने नेइम गोंगबूँ चर्चको सदस्य श्री विनय श्रेष्ठ ६४ वर्षको उमेरमा २०७८ वैशाख १९ गते/मे २ तारिख २०२१, आइतबार प्रभुमा सुत्नुभयो ।



जोरपाटी बस्नुहुने नेइम जोरपाटी चर्चको सदस्य श्री श्रीमती बिमला योंयाग ४८ वर्षको उमेरमा २०७८ वैशाख २७ गते/मे १० तारिख २०२१, सोमबार प्रभुमा सुत्नुभयो ।



बालकोट बस्नुहुने नेइम सिर्जनानगर चर्चको सदस्य श्रीमती पूर्ण माया श्रेष्ठ ९८ वर्षको उमेरमा २०७८ बैशाख २८ गते/मे ११ तारिक २०२१, मंगलबार प्रभुमा सुत्नुभयो ।



नांगलेभार बस्नुहुने नेइम जहरसिंह पौवा चर्चको सदस्य श्रीमती सानुमाया घ्लान ६५ वर्षको उमेरमा २०७८ जेठ ५ गते/मे १९ तारिख २०२१, बुधबार प्रभुमा सुत्नुभयो ।



बालुवाटार बस्नुहुने नेइम ज्ञानेश्वर चर्चको सदस्य श्रीमती शकुन्तला मगर ३९ वर्षको उमेरमा २०७८ जेठ ८ गते/मे २२ तारिख २०२१, शनिबार प्रभुमा सुत्नुभयो ।



जनबहाल बस्नुहुने नेइम ज्ञानेश्वर चर्चको सदस्य श्रीमती लक्ष्मी तामाङ्ग ९० वर्षको उमेरमा २०७८ वैशाख १९ गते/मे २ तारिख २०२१, आइतबार प्रभुमा सुत्नुभयो ।



वानेश्वर बस्नुहुने नेइम ज्ञानेश्वर चर्चको सदस्य श्रीमती रुकु विष्ट ६२ वर्षको उमेरमा २०७८ वैशाख २५ गते/मे ८ तारिख २०२१, शनिबार प्रभुमा सुत्नुभयो ।



ज्याठा बस्नुहुने नेइम ज्ञानेश्वर चर्चको सदस्य श्रीमती दिल कुमारी पौडेल ६७ वर्षको उमेरमा २०७८ वैशाख २७ गते/मे १० तारिख २०२१, सोमबार प्रभुमा सुत्नुभयो ।



गौशाला बस्नुहुने नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री वीरमान लामा ... वर्षको उमेरमा २०७८ जेठ ४ गते/मे १८ तारिक २०२१, मंगलबार प्रभुमा सुत्नुभयो ।



कलंकी स्यूचाटार बस्नुहुने नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री अमर श्रेष्ठ ४४ वर्षको उमेरमा २०७८ जेठ ७ गते/मे २१ तारिख २०२१, शुक्रबार प्रभुमा सुत्नुभयो ।



नयाँपाटी, सुन्दरीजल बस्नुहुने नेइम सुन्दरीजल चर्चको सदस्य श्रीमती सन्त माया तामाङ्ग ८८ वर्षको उमेरमा २०७८ जेठ १० गते/मे २४ तारिख २०२१, सोमबार प्रभुमा सुत्नुभयो ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>Sunday | २३ 6<br>श्रद्धेय पाष्टर रोबर्ट कार्थक गुरुबा र आदरणीय पाष्टर सामुएल कार्थक गुरुवा जीवन र सेवकाइको लागि सबै मण्डली परिवारले परमप्रभु परमेश्वरलाई धन्यवाद चढाउन सकून् ।<br>भजनसंग्रह ३४:१-४ | ३० 13<br>नेइम ज्ञानेश्वर चर्चका गुरुजनहरूले पवित्र आत्माको शक्ति र अगुवाइमा आउँदा दिनहरूमा मण्डलीलाई डोऱ्याउन सकून् ।<br>एफिसी ४:१-४ | ६ 20<br>विभिन्न देशहरूमा काम, पढाइ तथा अन्य कारणले जानुभएकाहरूको लागि सुरक्षा र सबै कुराहरूमा परमेश्वरको आशिष् मागिदिऔं ।<br>भजनसंग्रह १२१:१-८ | १३ 27<br>शाखा/आवद्ध मण्डलीका पाष्टर तथा अगुवाहरूले मण्डलीलाई प्रभुको इच्छामा हुर्काउन, बढाउनलाई पवित्र आत्माको सहायता र अगुवाइ मागिदिऔं ।<br>भजनसंग्रह ७८:७०-७२ |
| **सोमबार**<br>Monday | २४ 7<br>गुरुबाहरूको परिवार, आफन्त र मण्डली परिवारहरूको आनन्द, शान्ति, सान्त्वना, निको हुवाइको लागि निरन्तर प्रार्थना गरिदिऔं ।<br>फिलिप्पी ४:७ | ३१ 14<br>संसारका सबै मानिसहरूले येशू ख्रीष्ट नै प्रभु अनि मुक्तिदाता हुनुहुन्छ भनी विश्वास गर्न सकून् ।<br>यूहन्ना ८:१२, १७:३ | ७ 21<br>मण्डलीका सबै समर्पित सदस्यहरू मण्डलीको सेवा संगतिहरूमा यथाशक्य सहभागी भई आफै पनि र अरूलाई पनि प्रभुमा बढ्दै बढाउँदै जान सकौं ।<br>हिब्रू १०:२४-२५ | १४ 28<br>मण्डलीका सबै विश्वासीहरू जीवनका सबै रहनसहनमा परमप्रभुको आदर गर्नेहरू भई इमान्दारितामा जिउन सकून् ।<br>रोमी १५:१-६ |
| **मंगलबार**<br>Tuesday | २५ 8<br>तिव्र रुपमा फैलिँदै गएको कोरानाको महामारी छिटोभन्दा छिटो हटेर गएको होस् भनी प्रार्थना गरौं ।<br>मत्ती १९:२६, मर्कुस ९:२३ | १ आषाढ 15<br>परमेश्वरको प्रेम चाखेर फेरि संसारमा फर्केर गएकाहरू साथै विभिन्न कारणले सेवा संगतिहरूमा आउन छोडेकाहरू परमेश्वरको प्रेम सम्झेर फर्कि आउन सकून्।<br>लूका १५:१-२० | ८ 22<br>बाल संगतिका बाल बालिकाहरूको आत्मिक जीवनको साथै पढाइ, स्वास्थ्य, सुरक्षा सबै क्षेत्रमा प्रशस्त आशिष् मागिदिऔं ।<br>लूका २:४०, ५२ | १५ 29<br>हामी सबैले वचन पढ्ने, साथै वचनको प्रकाश र ज्ञानमा बढ्दै जान, पवित्र आत्माले नै सहायता गरून् ।<br>एफिसी १:१८-१९ |
| **बुधबार**<br>Wednesday | २६ 9<br>कोरानाको कारण निरास, हतास, डर, त्रास र बिचलित भएर जिइरहेका सम्पूर्ण मानिसहरूको उद्धारको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह ४२:११ | २ 16<br>महामारीको कारण बेरोजगार भएका, कमी घटी, अभावमा परेकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>उत्पत्ति २२:७-१४ | ९ 23<br>येशू प्रभुको नाउँको खातिर दुःख, कष्ट, खेदो निन्दा, सतावटमा पर्नुभएकाहरूको निम्ति प्रार्थना गरिदिऔं ।<br>फिलिप्पी १:२६-२९ | १६ 30<br>सबै विश्वासीहरू पवित्र आत्माको अधीनता, भरपूरी र अगुवाइमा दिन-प्रतिदिन डोऱ्याइएकाहरू भएर जिउन सकौं ।<br>गलाती ५:१६-२५ |
| **बिहीबार**<br>Thursday | २७ 10<br>कोभिडको संक्रमण भएर बिरामी हुनुभएकाहरूको जीवनमा चंगाई, छुट्कारा र स्वतन्त्रता आएको होस् ।<br>लेवी २६:११-१३ | ३ 17<br>नेपालका सम्पूर्ण मण्डलीका विश्वासीहरूमा आइपर्ने कुनै पनि समस्याको कारण विचलित नभई प्रभुमा स्थिर रहन सकून् ।<br>हिब्रू १२:१-३ | १० 24<br>सबै विश्वासीहरू परमेश्वरको प्रेम, अनुग्रह, दया, कृपाप्रति सधैं धन्यवादी भई परमेश्वरको महिमाको निम्ति जिउन सकून् ।<br>भजनसंग्रह १०३:१-१३ | १७ July 1<br>मण्डलीका सबै विश्वासीहरू संसारका क्षणिक कुराहरूमा होइन तर माथिका कुराहरूमा मन लगाउनेहरू हुन सकून् ।<br>कलस्सी ३:१-४ |
| **शुक्रबार**<br>Friday | २८ 11<br>कोभिडको कारण मृत्यु भएका परिवारहरूको शान्ति र सान्त्वनाको लागि प्रार्थना गरिदिऔं ।<br>यूहन्ना १४:२७ | ४ 18<br>हामी सबै एकआपसमा सधैं प्रेम, मेलमिलाप र एकतामा रही एकअर्काको लागि साथै समाजको लागि पनि आशिष् बन्न सकौं ।<br>रोमी १२:९-२१ | ११ 25<br>देशभरि हुने आराधना सेवामा चढाएको स्तुति प्रशंसाद्वारा उहाँको महिमाले यस देशलाई ढाकेको होस् र देशमा भएका अन्धकारका कुराहरू हटेर गएको होस् ।<br>२ इतिहास २०:२१-३० | १८ 2<br>मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाइको लागि जानुभएकाहरूको सेवकाइ, परिवार, मण्डलीको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४५:१-७ |
| **शनिबार**<br>Saturday | २९ 12<br>व्यक्तिगत, पारिवारिक र सामूहिक रूपमा चढाएको प्रार्थनाको पाएको उत्तर साथै नपाएका उत्तरमा पनि हामी सबै धन्यवादी हुन सकौं ।<br>१ थेसलोनिकी ५:१६-१८ | ५ 19<br>मण्डलीका विश्वासीहरू वचन सुन्ने मात्र होइन तर वचन पालन गरेर परमेश्वरलाई साँचो प्रेम गर्नेहरू हुन सकून्।<br>याकूब १:१९-२५ | १२ 26<br>बाल संगतिका सबै शिक्षक/शिक्षिकाहरू साथै बाल संगतिमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>१ कोरिन्थी १५:५८ | १९ 3<br>वचनको सेवकाइ गर्नुहुने, आराधनामा अगुवाइ गर्नुहुने साथै वचन सुन्ने सबैको लागि प्रार्थना गरिदिऔं ।<br>१ कोरिन्थी २:१२-१३, मत्ती ७:२४-२७ |

**सधैं आनन्दित रहो । निरन्तर प्रार्थना गरिरहो ।**
**सबै परिस्थितिमा धन्यवाद देओ, किनकि ख्रीष्ट येशूमा तिमीहरूका लागि परमेश्वरको इच्छा यही हो ।**

**(१ थेसोलोनिकी ५:१६-१८)**